स्थानीय सेवा तह बृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०

आठराई त्रिवेणी गाउँपालिका

हाङपाङ, ताप्लेजुङ।

१. प्रस्तावना

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम आठराई त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि तथा बढुवा सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले, स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी आठराई त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाले मिति २०८०/०३/२२ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

२. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम **"आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय सेवा तहबृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०"** हुनेछ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

३. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमां,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अधयादेश, २०८० सम्झनु पर्दछ।

(२) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकका स्थानीय निकाय, विकास समिति, संघिय निजामती सेवाबाट स्थानीय तहमा समायोजन भएका र संघीय तथा प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको लागि सिफारिस भै आएका सबै प्रकारका स्थायी कर्मचारी सम्झनु पर्दछ।

(३) "कार्यालय" भन्नाले आठराई त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ।

(४) "गाउँकार्यपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ।

(५) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ।

(६) "संघिय लोक सेवा आयोग" भन्नाले नेपालको संविधानको भाग २३ को धारा २४२ को उपधारा १ बमोजिमको लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "अख्तियारवाला" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५ बमोजिमको अधिकारीलाई जनाउने छ।

(९) "समायोजन ऐन " भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(१०) "तहवृद्धि" भन्नाले अध्यादेशको दफा ४, दफा ८ र दफा २८ बमोजिम गरिने तहवृद्धिलाई सम्झनु पर्दछ ।

(११) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

**४. सूचना प्रकाशन गर्ने:**

(१) तहबृद्धिको लागि तपशिल बमोजिम योग्यता पुगेका कर्मचारीहरुले देहायका कागतजात सहित आवेदन पेश गर्नुपर्नेछ । आवेदन सात दिनको म्याद राखी कार्यालयको सूचनापाटी र वेवसाइटमा सूचना प्रकाशित गरिनेछ।

| क्र.स | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | चौथो | पाचौं | SLC वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

दिपेन्द्र पौडेल
अध्यक्ष

Scanned with OKEN Scanner

| | | | | |
|---|---|---|---|---|
| ३ | छैटौं | सातौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) **आवश्यक कागतजातहरु :**

१. स्थायी नियुक्तिको पत्र ।

२. बढुवा/तह वृद्धि भएको पत्र। (दफा ८(१६) को हकमा नपर्ने)

३. समायोजनपत्र। (समायोजन भएका कर्मचारीको हकमा मात्र)

४. नेपाली नागरिकताको प्रमाण पत्र।

५. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

५) **सिफारिस समिति:** १) अध्यादेशको दफा २८ अनुसार (३) अनुसार तह बृद्धि समिति देहाय बमोजिम रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) अधिकृत स्तरको महिला कर्मचारी - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२) **समितिको काम कर्तव्य र अधिकार:** सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ।

क. तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख. आवेदन शुल्क निर्धारण गर्ने ।

ग. आवेदन पेशका लागि सूचना प्रकासित गर्ने ।

घ. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

ङ. अध्यादेशको दफा ४ (५)बमोजिम सेवा अवधि पाँच वर्षपूरा गरेका कर्मचारी तह बृद्धिको लागि निर्णय गर्ने।

च. अध्यादेशको ८(१६) बमोजिमका कर्मचारीको तह बृद्धिको लागि निर्णय गर्ने।

छ. अध्यादेशको दफा २८ बमोजिमंका कर्मचारीको तह बृद्धिको लागि निर्णय गर्ने ।

दिपेन्द्र तामु
अध्यक्ष

Scanned with OKEN Scanner

ज. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

६. **आवश्यक न्युनतम योग्यता र सेवा अवधि :**१) यो अध्यादेश बमोजिम तह वृद्धि तथा बढुवाका लागि आवश्यक न्युनतम **शैक्षिक योग्यता र सेवा अवधि देहाय बमोजिम** हुनेछ ।

| क.स | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | चौथो | पाचौं | SLC वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | छैटौं | सातौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

२) सेवा अवधि:

| क.स | हालको तह | बढुवा हुन लाग्ने सेवा अवधी | न्युनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तिमा तीन बर्ष सेवा अवधी पुरा | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उतिण गरेको | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तिमा | सेवा समुह सगँ सम्बन्धित विषयमा | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

दिपेन्द्र पौड्याल
अध्यक्ष

Scanned with OKEN Scanner

| | | | | |
|---|---|---|---|---|
| | | तीन वर्ष सेवा अवधी पुरा | कम्तिमा स्नातक तह उतिर्ण गरेको | |
| ३ | अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधी पुरा | सेवा समुह सगँ सम्बन्धित विषयमा कम्तिमा प्रविणत प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ४ | सहायक पाचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधी पुरा | सेवा समुह सगँ सम्बन्धित विषयमा कम्तिमा प्रविणत प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**७. तहबृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

(१) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १४ बमोजिम सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले पाँचौतहको तहबृद्धि सम्बन्धि निर्णय गरी नियुक्ति पत्र दिइनेछ।

(२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ बमोजिम निजामति सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधी ५ वर्ष पुरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा तह बृद्धि गरिनेछ।

(३) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ बमोजिम अधिकृतस्तर सातौं र नवौं तहका पदहरुमा अध्यादेशको दफा २९ को प्रकृया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भइसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले

दिपेन्द्र पोखरेल
अध्यक्ष

Scanned with OKEN Scanner

सातौं तह कायम गरी दिने । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(५) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४ को उपदफा ५ बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति दिनु पर्नेछ।

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धि व्यवस्थाः कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएको स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तहबृद्धि हुने एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तहबृद्धि गरिनेछ ।

**८. ज्येष्ठता कायमः**

(१) तहबृद्धि हुने कर्मचारीको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गते बाट ज्येष्ठता कायम हुनेछ।

**९. बाधा अड्काउ फुकाउनेः**

(१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ।

**१०. तहबृद्धि गर्न नहुने सम्बन्धी व्यवस्थाः**

(१) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ३१ बमोजिम हुनेछ।

**देहायः-**

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा सो अवधिभर,

दिपेन्द्र दोसू
अध्यक्ष

Scanned with OKEN Scanner

(ग) तलब बृद्धि रोक्का भएकोमा सो अवधिभर,

(घ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा सेवा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

(ङ) असाधारण वा अध्ययन विदामा बसेको भए सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**११. जानकारी दिनुपर्नेः**

(१) यो कार्यविधि बमोजिम तहवृद्धि भएको जानकारी स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा (६) बमोजिम दिनुपर्नेछ।

**१२. उजुरी/गुनासोः**

(१) यो कार्यविधि बमोजिम तहबृद्धिको निर्णय उपर चित्त नबुझेमा तहबृद्धिको निर्णय भई सूचना भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१३. प्रचलित कानून बमोजिम हुने ब्यवस्थाः** (१) यस कार्यविधिमा उल्लेख भएको हकमा कार्यविधि बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

Scanned with OKEN Scanner

आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय हाङपाङ, ताप्लेजुङ, नेपाल

# अनुसूची-१

## कार्यविधिको दफा ४ को उपदफा १ सँग सम्बन्धित

मितिः ...............................

श्री अध्यक्षज्यू,

तहवृद्धि सिफारिस समिति,

आठराई त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ।

विषयः- तहबृद्धि/तह कायम सम्बन्धमा।

प्रस्तुत विषयमा यस आठराई त्रिवेणी गाउँपालिकाको स्तानीय सेवा तहबृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८० को दफा ४ को उपदफा .......... र दफा ७ को उपदफा ........ बमोजिम देहायका प्रमाण तथा कागजातहरु यसै पत्र साथ सम्लग्न राखी तहबृद्धि/ तह कायम/ बढुवा का लागि यो निवेदन पेश गरेको छु।

निवेदन साथ पेश गरेका कागजातहरुः

क) समायोजन पत्रको प्रतिलिपि।

ख) स्थायी नियुक्ति/बढुवा/ स्तरवृद्धि/ तहबृद्धि भएको पत्रको प्रतिलिपि,

ग) शिफारिस पत्र ( संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भएका कर्मचारीको हकमा)

घ) तोकिएको शैक्षिक योग्यताको लब्धांक पत्र र चारित्रिक प्रमाण पत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको प्रति।

ङ) नेपाली नागरिकताको प्रमाणपत्र

दिपेन्द्र थापा
अध्यक्ष

Scanned with OKEN Scanner

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तहः | समायोजन मिति |
| सेवा: | कर्मचारी संकेत न. |
| समुह: | कार्यरत कार्यालय : |

च) स्वघोषणाः

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

.........................................................................................................

निवेदक

कर्मचारिको नाम/ थरः- ........................................

संकेत नं.- ..........................................................

समायोजन मितिः- ............................................

हालको पद र तहः- .......................................

सेवा/ समूहः- .................................................

Scanned with OKEN Scanner

अनुसूची -२

कार्यविधिको दफा ७ उपदफा ७ सँग सम्बन्धित

(कार्यालयको लेटर हेड)

मितिः- ........................................

विषयः- तहबृद्धि/ तह कायम सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा ( गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ............ बमोजिम तपाईलाई यस कार्यालयको मिति ...... को निर्णय अनुसार नियम बमोजिम ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि/ तह कायम गरिएको छ।

तहबृद्धि/ तह कायम हुनु भएकोमा बधाई छ।

| हालको विवरण | तहबृद्धि भएको विवरण |
|---|---|
| पदः- | पदः- |
| तहः- | तहः- |
| सेवाः- | सेवाः- |
| समूहः- | समूहः- |
| कार्यालयः- | कार्यालयः- |

श्री ............................................

संकेत नं. .............................

...................................................

प्रमुख प्रशासकीय अधिकृत

Scanned with OKEN Scanner

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय( स्थानीय तह कर्मचारी प्रशासन शाखा) सिंहदरवार, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल।

श्री लोक सेवा आयोग, केन्द्रिय कार्यालय काठमाडौं।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर नेपाल।

श्री राष्ट्रिय किताबखाना( निजामती), हरिहरभवन ललितपुर।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश विराटनगर नेपाल।

श्री कर्मचारी संचयकोष, विराटनगर।

श्री नागरिक लगानिकोष, विराटनगर।

श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, ताप्लेजुङ ।

श्री आर्थिक प्रशासन शाखा, आठराई त्रिवेणी गाउँपालिका हाङपाङ, ताप्लेजुङ।

आज्ञाले

भक्त बहादुर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

Scanned with OKEN Scanner